**धनगढीमाई नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**धनगढी, सिरहा, प्रदेश नं.२, नेपाल**

**नदीजन्य पदार्थको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७८।०६।१६)

**(राजश्व शाखा)**

नेपालको संविधान स्थानीय सरकार संन्चालन ऐन २०७४ को दफा ११ तथा रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० बमोजिम यस धनगढीमाई नगरपालिकाको आफ्नो क्षेत्राधिकार भित्र रहेको धनगढीमाई नगरपालिका वडा नं. ६ र ७ मा पर्ने गागन खोलाको चालू आ.व. २०७८।०७९ को लागि प्रारम्भिक वातावरणीय परीक्षण (आई.ई.ई) भएको देहायका स्थानहरुबाट आई.ई.ई. प्रतिवेदनमा उल्लेखित अक्षांस र देशान्तर भित्रको स्थानबाट देहायको परिमाणमा नबढनेगरी नदी जन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा र भरौट माटो )उत्खनन् तथा संकलन दस्तुर उठाउन देहाय बमोजिमको विवरणको ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संस्था/फर्म वा कम्पनिहरुबाट निम्न शर्तहरुको अधिनमा रहि मा ७ दिन भित्र शिलबन्दी बोलपत्र यस कार्यालयको राजश्व शाखामा पेश गर्न रकम र सरकारी ठेक्का बन्दोवस्ती ऐन २०२० बमोजिम सम्बन्धित सबैका जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**<u>शर्तनामा</u>**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ सातौ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजस्व उपशाखाबाट रु.३०००।- को (पछि फिर्ता नहुने गरी) रसिद काटी फर्म दर्ता प्रमाणपत्र, फर्म नवीकरण प्रमाण पत्र , आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण पत्र तथा स्थायी लेखा नं. (PAN) तथा मु.अ.कर (VAT) दर्ता प्रमाण पत्र पेशगरी राजस्व उपशाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको बोलपत्रमा आफूले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग उल्लेख गरी सहि छाप गरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले ८ आठौ दिनको बिहान १२ बजेसम्म बोलपत्र पेश गर्नेको नाम र ठेगाना तथा आफूले ठेक्का लिन चाहेको ठेक्काको ठेक्का नं. तथा कामको विवरण खाममा नै उल्लेख गरी यस कार्यालयको राजश्व उपशाखामा दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराउदा शिलवन्दी निवेदन सँग आफूले कवुल गरेको रकमको ५ % प्रतिशतले हुने रकम धनगढी, सिरहा स्थित एन.सि.सि. बैंकमा रहेको यस धनगढीमाई नगरपालिकाको धरौटी खाता नं.१४२००००४१९०१ मा रकम जम्मा गरेको सक्कलै भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३. दर्ता भएका बोलपत्रहरु सोही दिन बिहानको १२ बजे पछि तुरुन्तै बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभए पनि बोलपत्र खोल्न वाधा पर्ने छैन।

४. बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले कवुल गरेको रकम तिन किस्तामा (चौमासिक रुपमा) बुझाउनुपर्ने छ। पहिलो किस्ताको ३०% प्रतिशत रकम सम्झौता अगाबै नगद दाखिला गर्नु पर्ने छ। द्रोस्रो किस्ताको रु ४०% रकम फाल्गुण महिना को २५ गते भित्र र तेस्रो किस्ता ३०% रकम बैशाख महिनाको २० गते भित्र दाखिला गर्नु पर्ने छ। द्रोस्रो र तेस्रो किस्ता बराबर को ७० प्रतिशत रकम को मान्यता प्राप्त बैँक बाट १३ महिना मान्यअवधि भएको बैँक ग्यारेन्टि यस कार्यालयमा बुझाउनुपर्ने छ।पहिलो किस्ताको रकम नगद बुझाएर दोस्रो र तेस्रो किस्ताको रकमको बैँक ग्यारेन्टी पेश गरेपछि मात्र सम्झौता गरी कार्यादेश दिईने छ। बैँक ग्यारेन्टी पेश गर्न नसकेको अवस्थामा कवुल अंकको रकम एकमुष्ठ रुपमा सम्झौता गर्नु पुर्व नगदै वुझाउन सकिनेछ।

५. बोलपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु कार्यालय खुलेको क्रमशः भोली र पर्सी पल्ट हुनेछ।

६. नगरपालिकालाई बुझाउनेपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की वाँकी रकम वा नगद जिन्सी वुझाउन वाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन। साथै चोरी, डाका, जवरजस्ती चोरी , नकबजनी ठगी ,किर्ते जालसाजी वा अन्य ज्यान सम्बन्धी अपराध अभियानमा कसुरबन्द ठहरी सजाय पाएका वा ऋण तिर्न नसेको साहुको दामासहीमा परेका वा सरकारी बाकी लागि तिर्न नस्कने भएका व्यक्तिलाई ठेक्का दिइने छैन। कुनै कारण वश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

७. ठेक्का स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा कारण खोली वा नखोली बोलपत्रपत्र प्रक्रिया रद्द गर्ने वा बोलपत्रपत्र वदर गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै कार्यालयको सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको Website मा राखेर र सूचना पार्टीमा टाँस गरी जानकारी गराइनेछ। साथै सूचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

८. प्रत्येक ठेक्काको ठेक्का नं. अनुसारको छुटाछुटै बोलपत्रपत्र खरिद तथा दाखिला गर्नु पर्नेछ।

९. बोलपत्रपत्र दाखिला गर्दा बोलपत्रपत्र साथ फर्म दर्ता प्रमाणपत्र, फर्म, नवीकरण प्रमाण पत्र, आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण पत्र तथा स्थायी लेखा नं. (PAN) तथा मू.अ.कर (VAT) दर्ता प्रमाण पत्र पेश गर्नु पर्ने छ।

१0. रित नपुगेको तथा म्याद नाघी आएको बोल पत्र उपर कुनै कार्यवाही हुने छैन।

११. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझन सकिनेछ।

1२. कवोल अंकको १३% मु.अ.कर समेतको रकम वोलपत्रदाताले भुक्तानी गर्नु पर्ने छ

१३. नदीजन्य पदार्थ अत्खन्न संकलन तथा ढुवानी गर्दा आई.ई.ई. प्रतिवेदनमा उल्लेखित शर्तहरु तथा मापदण्डहरु लाई पालना गरेर गर्नु पर्ने छ।

१४. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२०, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ तथा अन्य प्रचलित नेपाल ऐन नियम अनुसार हुनेछन।

| क्र. सं. | ठेक्का न. | विवरण | उत्खनन् तथा संकलन क्षेत्र | परिमाण | दर प्रति घनफुट | कूल न्यनतम अंक (भ्याट बाहेक) | बोलपत्र दस्तुर | धरौटी रकम कबोल अंकको ५ प्रतिश ले हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | DH-MUN -2078/79-6 | गागन खोला को नदीजन्य पदार्थ उत्खन्न तथा संकलन | आई.ई.ई. प्रतिवेदनमा उल्लेखित १ देखि 7 नम्बर सम्मको स्थानमा | ३१२४१।३ घनफुट | रु.३।५० | ३८६२०५०।- | ३०००।- | |